म.जि.प्र.का.द.नं. : १०६/०६८, | वर्ष १५ | अंक २७८ | सोमबार, ११ जेठ २०८३ | ने. सं. ११४६ अनलाथ्व | 25 May 2026 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**सेवाग्राहीमैत्री सेवा, सुशासनको आधार**

- सेवाग्राहीसँग नम्र, शिष्ट र सम्मानजनक व्यवहार गरौं,
- सेवा प्रक्रियालाई सरल, छिटो र पारदर्शी बनाऔं,
- अनावश्यक ढिलाइ र झन्झटबाट मुक्त सेवा प्रवाह गरौं,
- सूचनाको हक सुनिश्चित गरौं,
- भ्रष्टाचार र अनियमितता पूर्ण रूपमा निषेध गरौं,
- गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाऔं,
- प्रविधिमैत्री सेवा विस्तार गरौं,
- जवाफदेही र परिणाममुखी कार्यशैली विकास गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### उद्योग मन्त्री यादवद्वारा हेटौंडा सिमेन्ट उद्योगको अनुगमन

# उद्योग बन्द हुनु अत्यन्त दुःखद: मन्त्री यादव

साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/उद्योग, वाणिज्य तथा आपुर्ती मन्त्री गौरी कुमारी यादवले हेटौंडा सिमेन्ट उद्योगको आइतबार स्थलगत अनुगमन गरेकी छिन् ।

हाल बन्द अवस्थामा रहेको उद्योग बन्द हुनुको कारणबारे मन्त्री यादवले उद्योगका कर्मचारी र ब्यवस्थापन टिमबाट जानकारी लिइन् । उद्योगका महाप्रबन्धक शिबनारायण साह र नायवमहा प्रबन्धक प्रशासन भक्तिराम श्रेष्ठले उद्योगको अवस्थाको बारेमा मन्त्री यादवलाई जानकारी गराए । कच्चा पदार्थ कोईलाको अभाव भएको र मर्मतकार्य समेत बाँकी रहेका कारण हाल हेटौंडा सिमेन्ट उद्योग बन्द अवस्थामा रहेको छ । उद्योगले कच्चापदार्थ कोइला आयात गर्दा भुक्तानी दिन बाँकी रहेको ३२ करोड रुपैयाँ हालसम्म भुक्तानी दिन सकेको छैन ।



उद्योगबिरुद्ध सप्लायर्स कम्पनीले अदालतमा मुद्दा दिएका कारण उद्योगको खाता अदालतको आदेशअनुसार रोक्का रहेको उद्योग ब्यवस्थापनले मन्त्री यादवलाई जानकारी गराएको थियो । हेटौंडा सिमेन्ट उद्योगका एकसय ३४ जना कर्मचारीले एक वर्षदेखि तलब पाएका छैनन् । सेवानिबृत्त ७७ जना कर्मचारीको उपदान औषधिउपचार लगायत रकमसमेत गरी ६५ करोड भुक्तानी गर्न अवकाशप्राप्त पीडित कर्मचारी संघर्ष समितिले मन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ । लगातार बन्द अबस्थामा रहेको उद्योगको आर्थिक दायित्व एक अर्ब नाघिसकेको छ ।

उद्योग निरीक्षणपश्चात् आयोजित छलफलमा मन्त्री यादवले सरकारको स्वामित्वको सिमेन्ट उद्योग बन्द हुनु अत्यन्तै दुःखद भएको बताउँदै सरकार बन्द रहेका सबै उद्योग सञ्चालन गर्ने तयारीमा रहेको दाबी गरिन् । 'हेटौंडा सिमेन्ट उद्योग नियमितरुपमा कसरी सञ्चालन गर्न सकिन्छ, त्यस विषयमा हामीले अध्ययन गरिरहेका छौं,' मन्त्री यादवले भनिन्, 'थुप्रै निजी सिमेन्ट उद्योग नियमित सञ्चालन हुने तर, सरकारी स्वामित्वको सिमेन्ट उद्योग चलाउन नसकेर बन्दहुने यो असाध्यै दुःखद कुरा हो ।'

सरकारले हेटौंडा सिमेन्ट उद्योगको समस्यालाई गम्भीरतापूर्वक लिएको छ, छिट्टै सबै समस्या समाधान गरेर नियमित सञ्चालनको वातावरण बनाउने मन्त्री यादवको भनाइ छ । 'उद्योग बन्द हुँदा रोजगारीमात्र गुम्दैन, देशको आर्थिक अवस्थामा पनि असर पर्छ,' मन्त्री यादवले भनिन्, 'त्यसैले जसरी भएपनि सिमेन्ट उद्योगलाई सञ्चालन गर्न सरकार चाहिरहेको छ, यसमा सबैको सहयोग आवश्यक छ ।'

सरकार एक्लैले मात्र चाहेर उद्योग नियमित चल्न नसक्ने भएकाले यसमा व्यवस्थापन र कर्मचारीको पनि त्यत्तिकै सहयोग आवश्यक रहेको उल्लेख गर्दै मन्त्री यादवले बन्द अवस्थामा रहेको हेटौंडा सिमेन्ट उद्योग नियमित सञ्चालनका लागि सरकार सहयोग गर्न प्रतिबद्ध रहेको बताइन् ।

कार्यक्रममा हेटौंडा सिमेन्ट उद्योगका निमित्त महाप्रबन्धक साहले मेसिन पुरानो र जीर्ण भएकाले समयसमयमा बिग्रिने र आर्थिक संकटका कारण कच्चापदार्थको आपूर्ति हुन नसक्दा उद्योग बन्द भएको जानकारी दिए । मेसिनको मर्मतसम्भार गरेर समयसमयमा थोरै भएपनि सिमेन्ट उत्पादन गर्दै आएकामा पछिल्लो समय कच्चापदार्थको आपूर्ति हुन नसक्दा उद्योग बन्द गर्नुपरेको जानकारी दिँदै निमित्त महाप्रबन्धक साहले आर्थिक समस्याका कारण कर्मचारीलाई ११ महिनादेखि तलबभत्ता उपलब्ध गराउन नसकिएको, कच्चापदार्थ आपूर्तिकर्ताको पुरानो बक्यौता तिर्न नसकेको, बिजुली महसुल भुक्तानी गर्नेलगायत समस्या अवगत गराए ।

तत्काल देखिएको आर्थिक समस्यालाई समाधान गर्न सकिए उद्योग नियमित सञ्चालन गर्न सकिने उनको भनाइ थियो । उद्योग घाटामा जानुका पछाडि प्लान्टमा जोडिएका पुराना मेसिन मुख्य कारण रहेको कर्मचारीहरु बताउँछन् । उद्योगको वार्षिक उत्पादन क्षमता ७ सय २२ मेट्रिकटन हो । तर, क्षमता भन्दा कम परिमाणमा सिमेन्ट उत्पादन गरेका कारण उद्योगले सञ्चालन खर्च पनि धान्न सकिरहेको छैन ।

उद्योगको किल विभागमा कार्यरत कर्मचारी रुबिन माझी धेरैपछि खुलेका निजी उद्योगले आधुनिक प्लान्ट जडान गरेका कारण झन्डै दोब्बरभन्दा बढी नियमित उत्पादन गरिरहेको तर, प्रसस्त पूर्वाधार हुँदा पनि हेटौंडा सिमेन्ट उद्योगले भने विविध समस्यासँगै पुरानो प्लान्टकै कारण उत्पादनमा गति लिन नसकेको बताउँछन् ।

'धेरै पुरानो मोडलको मेसिन भएकाले कतिपय स्पयर्स पार्ट पाउँदैन । अहिले भएको मोडलका मेसिन पुराना भइसके । जसले एक महिनामा ३ करोड ७० लाखसम्म बिजुलीको बिल निकाल्छन्,' उनले भने, 'यिनै मोटरबाट काम हुन सक्दैन भनेर पनि हामी मन्त्रालयमा प्रस्तावमा पठाएका छौं । हामीले एउटा १ अरब ६० करोडको प्रस्ताव मन्त्रालयमा पठाएका छौं । २८ सयदेखि ३ हजार मेट्रिकटन उत्पादन क्षमता राख्छ ।'

२०३३ सालमा हेटौंडाको लामसुरेमा स्थापना भएको उद्योगले २०४३ सालदेखि सिमेन्ट उत्पादन सुरु गरेको थियो । अहिले उपकरण पुरानो भइसकेको र राम्ररी उत्पादन गर्न सक्ने अवस्थामा नरहेको प्राविधिकको भनाइ छ ।

# बागमती सरकारको १० महिनामा ३४ प्रतिशत मात्रै बजेट खर्च

साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/ बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षको कुल विनियोजित बजेटको ३४ दशमलव ०६ प्रतिशत मात्रै बजेट खर्च गरेको छ ।




प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजार रुपैयाँको बजेट ल्याएको थियो । वैशाख मसान्तसम्ममा २२ अर्ब ९८ करोड २५ लाख ५२ हजार रुपैयाँ मात्रै खर्च भएको छ । आर्थिक वर्ष सकिन दुई महिना बाँकी रहँदा सरकारले ६६ प्रतिशत अर्थात् अझै ४४ अर्ब ४९ करोड ४७ लाख ७४ हजार रुपैयाँ खर्च गर्नुपर्ने अवस्था रहेको छ । प्रदेश सरकारको विकाससँग प्रत्यक्ष जोडिएको पुँजीगत खर्चको अवस्था झनै कमजोर देखिएको छ । चालु आर्थिक वर्षमा विनियोजित ४१ अर्ब ५४ करोड ११ लाख २१ हजार रुपैयाँ पुँजीगत बजेटमध्ये वैशाख मसान्तसम्म ११ अर्ब ८७ करोड ७३ लाख ६० हजार रुपैयाँ अर्थात २८ दशमलब ५९ प्रतिशत मात्रै खर्च भएको छ ।

यसले सरकारमाथि बाँकी दुई महिनामा २९ अर्ब ६६ करोड ३७ लाख ६१ हजार रुपैयाँ विकास बजेट खर्च गर्नुपर्ने दबाब बढाएको छ । सबैभन्दा बढी बजेट विनियोजन भएको भौतिक पूर्वाधार विकास मन्त्रालयले २२ अर्ब ३६ करोड ७१ लाख रुपैयाँ बजेट पाएकोमा हालसम्म ७ अर्ब ५८ करोड ४९ लाख रुपैयाँ मात्रै खर्च गरेको छ । यो कुल बजेटको ३३ दशमलब ९१ प्रतिशत हो । खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले ८ अर्ब ३२ करोड २० लाख रुपैयाँ बजेटमध्ये २ अर्ब ५५ करोड ४८ लाख रुपैयाँ अर्थात् ३० दशमलब ७० प्रतिशतमात्रै खर्च गरेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले २ अर्ब २३ करोड २१ लाख रुपैयाँ बजेटमध्ये ५४ करोड ६ लाख रुपैयाँ अर्थात् २४ दशमलब २२ प्रतिशत मात्रै खर्च गरेको छ ।

स्वास्थ्य मन्त्रालयले विनियोजित बजेटको १ अर्ब ८२ करोड रुपैयाँ अर्थात् ४५ दशमलब ५१ प्रतिशत खर्च गरेको छ । वन तथा वातावरण मन्त्रालयले ३ अर्ब ९६ करोड रुपैयाँ बजेटमध्ये १ अर्ब ६५ करोड रुपैयाँ अर्थात् ४१.७४ प्रतिशत खर्च गरेको छ । त्यस्तै श्रम, रोजगार तथा यातायात मन्त्रालयले ४४ दशमलब ०२ प्रतिशत बजेट खर्च गरेको छ भने आर्थिक मामिला तथा योजना मन्त्रालयको खर्च ४५ दशमलब ४६ प्रतिशत पुगेको छ । सामाजिक विकास मन्त्रालयले ३३ दशमलब ७५ प्रतिशत र उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय ले ३१ दशमलब ३२ प्रतिशत बजेट खर्च गरेका छन् ।

यस्तै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको खर्च ३२ दशमलब २० प्रतिशतमा सीमित छ भने संस्कृति तथा पर्यटन मन्त्रालयको खर्च १९ दशमलब ५५ प्रतिशत मात्रै देखिएको छ । सबैभन्दा कमजोर कार्यसम्पादन युवा तथा खेलकुद मन्त्रालयको देखिएको छ । यो मन्त्रालयले वैशाख मसान्तसम्म जम्मा १४ दशमलब १८ प्रतिशत मात्रै बजेट खर्च गरेको छ । जुनसुकै सरकार आएपनि असार मसान्तमा 'बजेटमारा शैली' मा बजेट खर्च गर्ने परिस्थितिको अन्त्य हुन सकेको छैन ।

# २२२ प्रकारका अयोग्य औषधि मनहरी गाउँपालिकाद्वारा नष्ट

साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/ गतवर्षको भदौ २४ गते जेन्जी आन्दोलनका नाममा आगजनी गरिएपछि मनहरी गाउँपालिकाको औषधि भण्डारका २ सय २२ थरिका औषधि काम नलाग्ने भएका छन् । उच्चतापक्रमका कारण औषधि खानयोग्य नहुने भएकाले मनहरी गाउँपालिकाले नष्ट गर्न सुरु गरेको छ ।


गाउँपालिका स्वास्थ्य शाखाले दिएको जानकारी अनुनसार औषधिभण्डारमा आगजनी भएपनि कतिपय औषधि जलेका भने थिएनन् । औषधि नजले पनि उच्चतापमा परेकाले प्रयोग गर्न उपयुक्त नहुने विज्ञको भनाइ छ ।

त्यसैले आगजनीमा परेका औषधिलाई व्यवस्थित ढंगले नष्ट गर्न थालिएको शाखाका संयोजक रामचन्द्र दाहालले बताए । उनका अनुसार २ सय २२ थरिका औषधि नष्ट गरिएको छ । गाउँपालिकाले नगरप्रहरी प्रयोग गरेर हरेक ट्याब्लेटलाई खोलबाट निकाली जमिनमा गाडेको हो । तरलप्रकृतिका औषधिका बोत्तल फुटाएर एकै भाँडोमा संकलन गरी नष्ट गर्न थालिएको संयोजक दाहालले बताए ।

उनकाअनुसार नष्ट गरिने सबै औषधिको मूल्य ३३ लाख रुपैयाँभन्दा बढी रहेको छ । गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, प्रमुख प्रशासीय अधिकृत रमेश सुवेदी, सञ्चारकर्मी, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, सरोकारवाला लगायतको उपस्थिति रोहबरमा औषधि नष्ट गर्ने कार्य गरिएको हो ।

२०८२ साल भदौ २४ गते देशभर भएको आन्दोलनका क्रममा मनहरी गाउँपालिकाको अध्यक्षको कक्ष, जिन्सी शाखासहित, लामिटारमा रहेको स्वास्थ्य, सामाजिक, पशु, शिक्षा लगायत शाखामा क्षति पुगेको थियो भने सभाहल समेत जलाइएको थियो ।



साझाकुरा

## हाम्रो कुरा

# योग शिविरमा चासो

हेटौंडा उपमहानगरपालिका-४ हुप्राचौरमा जेठ ३ गतेदेखि पतञ्जलि योग महिला समितिको आयोजनामा सञ्चालन गरिएको योग शिविरले स्थानीय योगप्रेमीलाई सकारात्मक सन्देश दिएको छ । शिविरमा केन्द्रीय महिला योग समितिकी अध्यक्ष साध्वी दिवादितिबाट प्रदान गरिएको योग प्रशिक्षणले सहभागीलाई शारीरिक स्वास्थ्यसँगै मानसिक सन्तुलन र आत्मअनुशासनको महत्वबारे गहिरो अनुभूति गराएको देखिन्छ । 'सबैभन्दा पहिले आफ्नो स्वास्थ्यप्रति सचेत हुनुपर्छ' भन्ने सहभागीको भनाइ आजको व्यस्त र तनावपूर्ण जीवनशैलीमा अत्यन्त सान्दर्भिक छ । आजको आधुनिक समाजमा मानिसहरु सुविधा, प्रविधि र भौतिक उपलब्धितर्फ तीव्रगतिमा आकर्षित भइरहेका छन् । तर, यही दौडधूपका बीचमा स्वास्थ्यप्रति लापरवाही बढ्दो छ । असन्तुलित आहार, शारीरिक निष्क्रियता, मानसिक तनाव, निन्द्राको कमी र अनियमित जीवनशैलीका कारण मधुमेह, उच्चरक्तचाप, मुटुरोग, मोटोपन र मानसिक समस्या तीव्ररुपमा बढिरहेका छन् । यस्ता समस्याको दीर्घकालीन र दिगो समाधानकारुपमा योगलाई विश्वव्यापीरुपमा स्वीकार गरिएको छ । योग केवल शारीरिक व्यायाम मात्र होइन, यो जीवन जिउने कला पनि हो ।

नियमित योग अभ्यासले शरीरका मांसपेशी, जोर्नी र स्नायु प्रणालीलाई सशक्त बनाउँछ भने श्वासप्रश्वास प्रणाली र पाचनप्रणालीलाई सन्तुलित राख्न मद्दत गर्छ । ध्यान र प्राणायामले मानसिक तनाव घटाई एकाग्रता, स्मरणशक्ति र आत्मविश्वास बढाउँछ । हुप्राचौरमा सञ्चालन गरिएको योग शिविरले महिलालाई विशेषरुपमा आफ्नो स्वास्थ्यप्रति सजग बनाउनुका साथै घर-परिवार र समाजमा स्वस्थ जीवनशैलीको सन्देश फैलाउने प्रेरणा दिएको छ । उकाबिहानैदेखि सामाजिक संजारमा अलमलिने पुस्ता योग शिबिरमा पुगेको देखिन्थ्यो । स्वस्थ जीवनशैलीको आधार नै नियमितता हो । योगलाई जीवनको दैनिकीमा समावेश गर्न सकिएन भने त्यसको पूर्ण लाभ प्राप्त हुँदैन । बिहान सबेरै उठेर केही समय आसन, प्राणायाम र ध्यानका लागि छुट्याउनु, सन्तुलित र सात्विक आहार अपनाउनु, पर्याप्त पानी पिउनु र पर्याप्त विश्राम लिनु–यी सबै योग दर्शनका अभिन्न अङ्ग हुन् । योग शिविर यिनै बानीहरु विकास गराउने अभ्यासशाला जस्तै हुन्, जहाँ सहभागीले सही विधि, अनुशासन र निरन्तरताको महत्व बुझ्न पाउँछन् । महिलाका लागि योगको महत्व झनै बढी छ । परिवारको केन्द्रमा रहने महिलाको स्वास्थ्य राम्रो भएमा सम्पूर्ण परिवारको स्वास्थ्य र मानसिक वातावरण सकारात्मक हुन्छ । गर्भावस्था, महिनावारी, रजोनिवृत्ति जस्ता अवस्थामा योगले शारीरिक र मानसिक सन्तुलन कायम गर्न महत्वपूर्ण भूमिका खेल्छ । हुप्राचौरको शिविरले महिलालाई आत्मनिर्भर, सचेत र स्वस्थ बन्ने बाटो देखाएको छ, जुन दीर्घकालीनरुपमा समाजकै हितमा छ । यस्ता योग शिविर स्थानीय तहको सक्रियता र समुदायको सहभागितामा निरन्तर सञ्चालन हुनु आवश्यक छ ।

विद्यालय, कार्यालय र टोलस्तरमै योग अभ्यासलाई प्रोत्साहन गर्न सकिएमा भावी पुस्तामा स्वस्थ बानी विकास गर्न सकिन्छ । स्वास्थ्य उपचार भन्दा पनि स्वास्थ्य संरक्षणमा जोड दिनु आजको आवश्यकता हो, र योग यसैको प्रभावकारी माध्यम हो । नियमित योगअभ्यास व्यक्तिगत लाभमा मात्र सीमित हुँदैनह यसले सामाजिक सद्भाव, सकारात्मक सोच र अनुशासित जीवनशैली निर्माणमा योगदान पुऱ्याउँछ । हेटौंडाको हुप्राचौरमा सञ्चालन गरिएको योग शिविरले दिएको सन्देश स्पष्ट छ–स्वास्थ्यप्रति सचेत भई नियमित योगलाई जीवनको हिस्सा बनाउने हो भने स्वस्थ, सन्तुलित र सुखी जीवन सम्भव छ । यही चेतनालाई व्यवहारमा उतार्नु आजको हाम्रो साझा जिम्मेवारी हो । योग अभ्यासलाई राष्ट्रिय पाठ्यक्रममा समावेश गरी विद्यालय तहदेखि नै बालबालिकालाई अभ्यस्त बनाउँदै लैजानु पर्छ । यसले हाम्रो समाजको ह्यापीनेसलाई निक्कै सहयोग पुऱ्याउनेछ । स्थानीय तहले टोलविकास संस्थामार्फत् हरेकलाई अनिवार्य योग अभ्यासमा सहभागी गराउने विषयमा बहस गरौं र स्वस्थ्य समाजको परिकल्पना गरौं ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ जेठ १२ गते मंगलबार २४ मे २०२६ । दशमी, जेठ शुक्लपक्ष । अनलाथ्व ११४६ ने.सं. । सूर्योदय ५:१२ सूर्यास्त ६:५१।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मनोकांक्षा सिद्धि हुनेछ | **तुला** | : वस्त्र-भोजन प्राप्त हुनेछ |
| **वृष** | : गरेको कार्यमा सफलता मिल्नेछ | **वृश्चिक** | : योजना कार्यान्वयन हुनेछ |
| **मिथुन** | : नयाँ कार्ययोजना बन्नेछ | **धनु** | : व्यापार राम्रो चल्नेछ |
| **कर्कट** | : आकस्मिक लाभ हुनेछ | **मकर** | : मीठो खाने अवसर मिल्नेछ |
| **सिंह** | : राम्रो अवसर गुम्नेछ | **कुम्भ** | : घर परिवारमा मेलमिलाप हुनेछ |
| **कन्या** | : खर्च र दुःख बढ्नेछ | **मीन** | : मनमा शङ्का बढ्नेछ |

# संघीयताले कसरी फेर्ला मालपोतको मुहार ?



अशोककुमार भुसाल

नेपालको संविधान (२०७२) ले भूमि व्यवस्थापनलाई सै, प्रदेश र स्थानीय तह बीचको साझा अधिकारको विषयका रूपमा अनुसूची-९ मा समावेश गरेको छ । संविधानको यो व्यवस्था अधिकार बाँडफाँटको औपचारिक अभ्यास मात्र होइन, नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएको भूमि प्रशासनलाई अझ प्रभावकारी, पारदर्शी र सेवामुखी बनाउने उद्देश्यले गरिएको संरचनात्मक परिवर्तन पनि हो । अहिले सरकारले जग्गा प्रशासनसँग सम्बन्धित धेरै सेवा स्थानीय तहबाट प्रवाह गर्ने तयारी गरिरहेको सन्दर्भमा भूमि व्यवस्थापनको भावी स्वरूप, संघीय सरकारको जिम्मेवारी, प्रदेशको भूमिका तथा आवश्यक सङ्गठन-संरचनाबारे गम्भीर बहस आवश्यक बनेको छ ।

भूमि व्यवस्थापन नेपालमा प्रशासनिक विषय मात्र होइनह यो आर्थिक विकास, सामाजिक न्याय, उत्पादन प्रणाली, पूर्वाधार विकास, राजस्व सङ्कलन, सार्वजनिक सम्पत्ति संरक्षण तथा सुशासनसँग प्रत्यक्ष सम्बन्धित विषय हो । त्यसैले सेवा स्थानीय तहमा पुग्दैमा संघीय सरकारको भूमिका समाप्त हुँदैनह बरु उसको भूमिका अझ बढी नीतिगत, नियामक, समन्वयकारी, प्राविधिक र अभिलेख व्यवस्थापनतर्फ केन्द्रित हुन आवश्यक देखिन्छ ।

### साझा अधिकार तर फरक जिम्मेवारी

संविधानले भूमि व्यवस्थापनलाई साझा अधिकारको सूचीमा राखे पनि कार्यगत हिसाबले तीनै तहका सरकारको भूमिका फरक-फरक प्रकृतिको देखिन्छ । स्थानीय तह नागरिकसँग प्रत्यक्ष सम्पर्कमा रहेर सेवा प्रवाह गर्ने निकाय हो । जग्गा नामसारी, सिफारिस, स्थानीय अभिलेख समन्वय, कर तथा स्थानीय विवाद व्यवस्थापन जस्ता दैनिक प्रकृतिका काम स्थानीय तहबाट प्रभावकारी रूपमा सञ्चालन गर्न सकिन्छ । प्रदेश सरकारले समन्वय, अनुगमन, प्रादेशिक योजना तथा प्राविधिक सहयोगको भूमिका निर्वाह गर्न सक्छ ।

तर राष्ट्रिय नीति निर्माण, भूमि सुधार, अभिलेखको एकरूपता, भू-उपयोग मापदण्ड, डिजिटल प्रणाली, राष्ट्रिय तथ्याङ्क, जग्गा प्राप्ति र वितरण, वैज्ञानिक जग्गा मूल्याङ्कन प्रणालीको विकास, भूसम्बन्ध र स्वामित्वको प्रकार व्याख्या (भूमि ऐनद्वारा परिभाषा गर्ने) तथा प्राविधिक मानकीकरण जस्ता विषय संघीय सरकारकै नेतृत्वमा सञ्चालन हुनुपर्ने देखिन्छ ।

यदि संघीय स्तरमा स्पष्ट नीति, कानून र प्राविधिक मापदण्ड निर्माण हुन सकेन भने प्रदेश र स्थानीय तह बीच फरक-फरक अभ्यास विकसित हुने, अभिलेखमा असमानता आउने तथा भूमि प्रशासन अव्यवस्थित बन्ने खतरा र हन्छ । त्यसैले संघीय सरकारको पहिलो जिम्मेवारी भूमि सम्बन्धी राष्ट्रिय नीति, कानून तथा मापदण्ड निर्माण गर्नु हो ।

### संघीय सरकारको अपरिहार्य भूमिका

भूमि उपयोग ऐन २०७६, भूमि ऐन, नापी सम्बन्धी कानून, मालपोत प्रशासन तथा भू-उपयोग वर्गीकरण जस्ता विषयहरू राष्ट्रिय महत्त्वका विषय हुन् । देशभर एउटै मापदण्डमा भूमि प्रशासन सञ्चालन गर्न संघीय सरकारबाट स्पष्ट नीति निर्माण अपरिहार्य हुन्छ । डिजिटल नक्सा प्रणाली, भू-अभिलेख, स्वामित्व प्रमाणीकरण, एकीकृत भूमि तथ्याङ्क र यिनीहरू बीचको अन्तरसम्बद्ध प्रणाली विकास गर्ने जिम्मेवारी पनि संघीय सरकारकै हुनुपर्छ ।

आज पनि मालपोत तथा नापी कार्यालय मार्फत जग्गा दर्ता, कित्ताकाट, नक्सा अद्यावधिक, स्वामित्व हस्तान्तरण र अभिलेख व्यवस्थापन हुँदै आएको छ । निकट भविष्यमा सेवा स्थानीय तहमा विस्तार भए पनि अभिलेखको केन्द्रीय नियन्त्रण, तथ्याङ्कको सुरक्षा तथा राष्ट्रिय स्तरको डिजिटल प्लेटफर्म संघीय सरकारकै नियन्त्रणमा रहनुपर्छ । अन्यथा एउटै जग्गाको फरक-फरक विवरण, दोहोरो अभिलेख तथा स्वामित्व विवाद झन् जटिल बन्न सक्छ ।

भूमि सुधारको सवालमा पनि संघीय सरकारको भूमिका अत्यन्त महत्त्वपूर्ण छ । भूमिहीनलाई जग्गा वितरण, हदबन्दी कार्यान्वयन, सुकुम्बासी समस्या समाधान, भोगाधिकार व्यवस्थापन तथा वैज्ञानिक भू-उपयोग नीति स्थानीय तहको सीमित क्षमता र प्रभाव क्षेत्रभन्दा बाहिरका विषय हुन् । यी विषय सामाजिक न्याय, उत्पादन वृद्धि र आर्थिक समानतासँग सम्बन्धित भएकाले संघीय नेतृत्वमै सञ्चालन हुन आवश्यक देखिन्छ ।

भौगोलिक तथ्याङ्कको उत्पादन र प्रयोगमा प्रभावकारी नीतिगत व्यवस्था गर्न सके साधन-स्रोतको उच्चतम उपयोग हुन्छ, जसका कारण देशको विकास तीव्र गतिमा अगाडि बढ्छ । यसका लागि सैले जिल्लास्तरमा प्रभावकारी संयन्त्र बनाउन आवश्यक देखिन्छ । समग्रतामा जग्गा प्रशासन सम्बन्धी आधारभूत सेवा स्थानीय तहबाट सञ्चालन गरिंदा समेत तल उल्लिखित विषयमा भइरहेका कमी-कमजोरी हटाउन केन्द्रीय निकायको भूमिका नभएमा भूमि व्यवस्थापनको क्षेत्रमा अपेक्षित सुधार ल्याउन सकिँदैन ।

### जग्गा प्राप्ति र मूल्याङ्कन प्रणालीको कमजोरी

नेपालमा विकास आयोजना ढिलाइ हुनुको एक प्रमुख कारण 'प्रभावकारी जग्गा प्राप्ति प्रणाली' को अभाव हो । हाल प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा 'मुआब्जा तथा जग्गा प्राप्ति समिति' रहने व्यवस्था छ । तर प्रमुख जिल्ला अधिकारी शान्तिसुरक्षा, प्रशासनिक व्यवस्थापन तथा अन्य बहुआयामिक जिम्मेवारीमा व्यस्त हुने भएकाले जग्गा प्राप्ति प्रक्रिया प्राथमिकतामा पर्न सकेको छैन । परिणामत: आयोजना ढिलाइ हुने, लागत बढ्ने र कतिपय अवस्थामा आयोजना नै अलपत्र पर्ने अवस्था देखिएको छ ।

यसैगरी जग्गा मूल्याङ्कन प्रणाली पनि व्यावहारिक र वैज्ञानिक बन्न सकेको छैन । बजार मूल्य र सरकारी मूल्य बीचको ठूलो अन्तरका कारण राजस्व चुहावट, अवैध सम्पत्ति लुकाउने प्रवृत्ति तथा सम्पत्ति शुद्धीकरण जस्ता आर्थिक अपराध बढिरहेका छन् । अहिलेको मूल्याङ्कन समितिमा जग्गा प्रशासन र भूगोलको व्यावहारिक ज्ञान भएका प्राविधिक जनशक्तिको अभाव देखिन्छ । त्यसैले जग्गा प्राप्ति र वैज्ञानिक मूल्याङ्कनका लागि छुट्टै विशेषज्ञ संरचना आवश्यक भएको छ ।

### सरकारी तथा सार्वजनिक जग्गा संरक्षणको चुनौती

सरकारी, सार्वजनिक, गुठी तथा सामुदायिक जग्गाको संरक्षण अहिले नेपालको ठूलो चुनौती बनेको छ । कानूनी रूपमा विभिन्न निकायलाई जिम्मेवारी दिइए पनि व्यवहारमा स्पष्ट जवाफदेहिता र प्रभावकारी कार्यान्वयन देखिएको छैन । स्थानीय सरकार सञ्चालन ऐन, मुलुकी देवानी संहिता तथा अन्य कानूनहरूले फरक-फरक निकायलाई जिम्मेवारी दिएको अवस्था छ । तर अभिलेख, नक्सा तथा तथ्याङ्कका आधारमा हेर्दा यस कार्यमा नापी तथा भूमि प्रशासनसँग सम्बन्धित प्राविधिक निकाय बढी सक्षम देखिन्छन् । त्यसैले सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण हटाउन सक्ने अधिकारसम्पन्न जिल्ला स्तरको 'भूमि व्यवस्थापन कार्यालय' आवश्यक देखिन्छ । सार्वजनिक सम्पत्तिको अभिलेख संरक्षण, अतिक्रमण नियन्त्रण तथा दीर्घकालीन उपयोग नीति संघीय सरकारको नेतृत्वमा सञ्चालन हुनुपर्छ ।

### पारदर्शी भूमि बजारको आवश्यकता

आजको भूमि कारोबार प्रणाली अझै पारदर्शी, विश्वसनीय र प्रविधिमैत्री बन्न सकेको छैन । वास्तविक कारोबार मूल्य लुकाउने, बिचौलियामाथि निर्भर रहनुपर्ने तथा असमान सूचना पहुँचका कारण आम नागरिक ठगिने अवस्था अझै विद्यमान छ । त्यसैले भविष्यमा व्यवस्थित भूमि बजार प्रणाली विकास गर्नु समयको आवश्यकता हो ।

यदि डिजिटल प्लेटफर्म मार्फत खुला भूमि बजार प्रणाली विकास गर्न सकियो भने खरिद-बिक्री पारदर्शी हुनेछ, राजस्व चुहावट कम हुनेछ, सम्पत्ति शुद्धीकरण नियन्त्रणमा सहयोग पुग्नेछ र नागरिकले विश्वसनीय सेवा पाउनेछन् । यसका लागि संघीय सरकारबाट केन्द्रीय डिजिटल प्रणाली, प्राविधिक मापदण्ड तथा एकीकृत भूमि तथ्याङ्क प्रणाली विकास हुन आवश्यक छ ।

### प्राविधिक एकरूपताको अभाव

नेपालमा विभिन्न निकायले आ-आफ्नै ढङ्गले सर्भे, नापजाँच र इन्जिनियरिङ कार्य गर्दा तथ्याङ्कहरू एकआपसमा अन्तरसम्बद्ध हुनसकेका छैनन् । कतै फरक प्रोजेक्सन प्रणाली, कतै फरक स्केल, कतै फरक चिह्न प्रयोग हुने, एकै प्रकृतिका भौगोलिक सूचनाहरू बीच अन्तर सम्बद्ध हुन नसक्दा यिनीहरूको साझा उपयोग हुनसकिरहेको छैन ।

तोकिएको निकायबाट नियमन गर्ने र एकपटक गरिएको नापजाँच र इन्जिनियरिङ कार्यबाट प्राप्त तथ्याङ्कहरू वा आउटपुटको ब्याकअप राख्ने व्यवस्था नहुँदा, त्यस्तो स्थानको भूबनोट र स्वरूपमा परिवर्तन नहुँदाखेरि पनि सोही स्थानमा बारम्बार सर्भे गर्नुपर्ने बाध्यता छ । जसले गर्दा स्रोतको दुरुपयोग हुने, विकास-निर्माणका कार्यहरू समयमा नसकिने र लागत बढी लाग्ने गरेको अवस्था देखिन्छ ।

त्यसैले संघीय सरकारले राष्ट्रिय प्राविधिक मापदण्ड निर्माण, तथ्याङ्कको अन्तर सम्बद्धता, डिजिटल प्लेटफर्म तथा एकीकृत भू-सूचना प्रणाली विकास गर्नुपर्छ । जिल्लाभित्र हुने प्राविधिक कार्यको नियमन गर्ने, यस्तो उत्पादनको एक प्रति ब्याकअप राख्ने, नयाँ सो प्रकृतिको काम थाल्दा यसअघि भए-नभएको यकिन गर्ने र भइसकेको अवस्थामा उद्देश्य प्राप्त हुने भए प्रक्रिया पुऱ्याएर उपलब्ध गराउन सक्ने निकायको आवश्यकता देखिन्छ । केन्द्रीय स्तरबाट मात्र उत्पादन हुने र सर्वसाधारण जनतालाई आवश्यक पर्ने उत्पादित तथ्याङ्क र आउटपुट जिल्ला तहमा उपलब्ध गराउन तथा जिल्लास्तरमा उत्पादित तथ्याङ्क र केन्द्रीय प्रणाली बीच समन्वय गर्न एक प्रभावकारी संरचना आवश्यक देखिन्छ ।

### अब कस्तो संरचना आवश्यक ?

भूमि प्रशासन सेवा स्थानीय तहमा विस्तार हुँदै जाँदा संघीय सरकारअन्तर्गत प्रभावकारी र एकीकृत संरचना आवश्यक देखिन्छ । विगत जस्तो धेरै कार्यालय खडा गर्नेभन्दा एकीकृत र कार्यकेन्द्रित संरचना बढी उपयुक्त हुनेछ । कस्तो जनशक्ति आवश्यक पर्छ भन्ने कुरा कामको प्रकृतिका आधारमा निर्धारण गर्ने विषय हो । माथिको विवेचनाका आधारमा हेर्दा, अब बन्ने कार्यालयबाट धेरैजसो जग्गा व्यवस्थापनका पाटाहरू (जस्तै: जग्गाको प्राविधिक पक्ष, कानूनी पक्ष, सूचनाप्रविधिको उपयोग र जग्गाको प्रशासनिक पक्षहरू) सम्बोधन हुनुपर्छ ।

यस आधारमा संघीय भूमि मन्त्रालय अन्तर्गत "भूमि व्यवस्थापन विभाग" स्थापना गरी प्रत्येक जिल्लामा "जिल्ला भूमि व्यवस्थापन कार्यालय" स्थापना गर्नु उपयुक्त देखिन्छ । यस्तो कार्यालयअन्तर्गत निम्न शाखाहरू रहने व्यवस्था गर्न सकिन्छ:

- जग्गा प्राप्ति फाँट/शाखा
- जग्गा मूल्याङ्कन फाँट/शाखा
- सरकारी तथा सार्वजनिक जग्गा संरक्षण फाँट/शाखा
- भूमि बजार व्यवस्थापन फाँट/शाखा
- अधुरा तथा छुट दर्ता कार्य सम्पन्न गर्ने फाँट/शाखा
- स्थानीय तह समन्वय तथा सहयोग फाँट/शाखा
- प्राविधिक मापदण्ड तथा भू-सूचना फाँट/शाखा
- कानून तथा अभिलेख फाँट/शाखा
- प्रशासन, लेखा तथा स्टोर फाँट/शाखा

यस संरचनाले संघीय नीति कार्यान्वयन, स्थानीय तहलाई प्राविधिक सहयोग, सार्वजनिक जग्गा संरक्षण, अभिलेख व्यवस्थापन तथा राष्ट्रिय भूमि तथ्याङ्क प्रणाली सञ्चालन गर्न सहयोग पुऱ्याउन सक्छ ।

### कस्तो जनशक्ति आवश्यक ?

भूमि व्यवस्थापन बहुआयामिक विषय भएकाले केवल प्रशासनिक कर्मचारीबाट मात्र यो प्रणाली प्रभावकारी रूपमा सञ्चालन हुन सक्दैन । यसका लागि भू-सर्वेक्षक, भू-सूचना विज्ञ, कानूनविद्, सूचनाप्रविधि विशेषज्ञ, प्रशासनिक जनशक्ति, मूल्याङ्कन विज्ञ तथा भूमि प्रशासन सम्बन्धी औपचारिक शिक्षा वा दीर्घकालीन तालिमप्राप्त प्राविधिक जनशक्ति आवश्यक पर्छ ।

हाल विभिन्न भूमि प्रशासन कार्यालयमा कार्यरत जनशक्तिलाई "भूमि व्यवस्थापन समूह" अन्तर्गत एकीकृत गरी दीर्घकालीन रूपमा विशेषज्ञ जनशक्ति विकास गर्नुपर्ने आवश्यकता देखिन्छ । यसले संस्थागत स्मृति, प्राविधिक दक्षता तथा सेवा गुणस्तर वृद्धि गर्न सहयोग पुऱ्याउँछ ।

जनशक्ति व्यवस्थापन मितव्ययी र कार्यआधारित हुनुपर्छ । सबै विषयका कर्मचारी स्थायी रूपमा राख्नुभन्दा आवश्यकता अनुसार अन्य निकायबाट प्रतिनिधित्व र प्राविधिक सहयोग लिने व्यवस्था गर्न सकिन्छ । साथै कतिपय सेवामा प्रशासनिक व्यावसायिकताका आधारमा 'सेवा-योगदानसँग जोडिएको खर्च व्यवस्थापनको नीति' पनि अपनाउन सकिन्छ ।

भूमि प्रशासन सेवा स्थानीय तहमा विस्तार गर्नु संघीयताको मर्मअनुरूप सकारात्मक कदम हो । यसले नागरिकलाई स्थानीय स्तरमै सेवा उपलब्ध गराउने, पहुँच सहज बनाउने र सेवा प्रवाहलाई छिटो बनाउने सम्भावना राख्छ । तर सेवा स्थानीय तहमा पुग्दैमा संघीय सरकारको भूमिका समाप्त हुँदैनह बरु उसको जिम्मेवारी अझ बढी नीतिगत, प्राविधिक, समन्वयकारी र नियामक रूपमा महत्वपूर्ण बन्छ ।

नेपालको भूमि व्यवस्थापन प्रणालीलाई आधुनिक, पारदर्शी, वैज्ञानिक र विश्वसनीय बनाउन संघीय सरकारबाट स्पष्ट नीति, सक्षम सङ्गठन-संरचना, विशेषज्ञ जनशक्ति, डिजिटल प्रणाली तथा अन्तर-तह समन्वय अपरिहार्य छ । अन्यथा अधिकार बाँडफाँटको नाममा भूमि प्रशासन झन् अव्यवस्थित बन्ने खतरा रहन्छ । अबको आवश्यकता अधिकारको प्रतिस्पर्धा होइन, जिम्मेवारीको स्पष्टता र कार्यगत समन्वय हो ।

*(साभार: अनलाइनखबर)*

# नेपाली वामपन्थको दुर्दशा

कृष्णहरि भट्ट

सामान्यतया अहिले वामपन्थी भनेको साम्यवादी भन्ने बुझिन्छ । प्रतिपक्षीलाई पनि वामपन्थी भनिन्छ । वामपन्थ प्रगतिशील चरित्र हो । तर यहाँ त्यस्तो नभएकाले यसबारेमा संक्षिप्तमा केही चर्चा गरौं । वि.सं. २०८२ भाद्र २३-२४ गतेको आँधीहुरीले अपदस्थ गरिएको पुरानो संसद्वादी व्यवस्था (सामन्ती, दलाल तथा नोकरशाही पूँजीवादको सञ्चालक समिति) का सञ्चालकहरूलाई गत फागुन २१ गते हठात गरिएको निर्वाचनले अस्तित्व रक्षाको सङ्कटमा पुऱ्याइदिएको छ । पुराना र नयाँ रास्वपाको गठबन्धनमा यस्तो नतिजा आएको हो र यस्तो नतिजा आउनुमा मुख्य: रूपमा पुराना संसद्वादी दलहरू नै जिम्मेवार थिए । यसो हुनुमा आन्तरिक कारणको भूमिका प्रधान हुन्छ ।

उनीहरूको समाज र नागरिकहरूप्रतिको अपहेलना र रूखो व्यवहारकै कारण यो परिस्थिति बनेको हो । जहिले पनि बाह्य कारण सहयोगी हुने हुन्छ नै । पुरानो सदनभित्र पनि सरकार पक्ष र प्रतिपक्ष देखाउने दाँतजस्ता मात्र थिए, गर्ने कामकुरा एकै थिए । कुन विषय राष्ट्रिय हितका हुन् र कुन-कुन विषय राष्ट्रिय हित विपरीतका हुन् भन्ने विषय छुट्टिएर आवाज घन्किएको देख्न र सुन्न पाइएन । बरू राष्ट्रिय स्वाधीनता र अस्मितालाई कहाँ-कहाँ कस-कसलाई कसरी-कसरी बन्धकमा राख्ने, कस-कसको व्यक्तिगत हितलाई सम्बोधन गर्दा कति-कति फाइदा हुने हो भन्ने आधारमा नीति तथा कार्यक्रम बन्ने अनि सत्तापक्ष र प्रतिपक्षले मिलाएर व्यवहार गर्ने परिपाटी भएको स्थानमा वामपन्थको अवस्था दुर्दशा नै हुने हुन्छ ।

**बन्न नसकेको वामपन्थ :**

आफ्नो नेतृत्वको सरकार अपदस्थ भएर असंवैधानिक सरकार गठन भएर गर्छु भनेको निर्वाचन पनि असंवैधानिक हुन्छ । अपदस्थ भएको सरकार र व्यवस्थामा रहकाहरूले संविधानकै फेरो समातेर गर्ने भनिएको निर्वाचनको विपक्षमा हुनुपर्दथ्यो । निर्वाचन बहिस्कार गर्नुपर्दथ्यो । तत्कालै हाम्रा प्रतिक्रिया र सुझाव यसै अनुरूपका रहेका थिए । लेख, रचना, सामाजिक सञ्जाल मार्फत विषयहरू धेरै आएकै थिए । तर वामपन्थी चरित्रसमेत गुमाइसकेकाहरूले यो स्तर र यो उचाइको राजनीतिक निर्णय गर्ने हैसियत राख्न नसक्नु पनि स्वाभाविक नै हुन्थ्यो । नत्र भने अराजनीतिभित्र राजनीति खोज्नु के हो त ? यसको के अर्थ हुन्छ ? संसद् पुनर्स्थापनाको सर्वोच्चमा रिट हालेर सुविधाजनक अवतरणको बाटो रोज्नु सरकार र व्यवस्था गुमिसकेपछिको वामपन्थको के औचित्य ? के हैसियत ?

नेपालको राजनीतिमा लोकतन्त्र वादीहरूकै दुर्दशा रहेको अवस्थामा वामपन्थको उभार देखिनुपर्ने, जनमतको र लोकप्रियताको दृष्टिले पनि कम्युनिस्ट झुकाव राम्रो रहेको स्थानमा । त्यो कम्युनिस्ट झुकावलाई न्याय गर्न नसके पनि लोकतान्त्रिकहरूले भन्ने गरेका वामपन्थले आफ्नो न्यूनतम इमानदारिता त देखाउनुपर्ने ? केही पनि छैन । चाहे झापा विद्रोहबाट विकास भएकाहरू हुन्, चाहे रोल्पा विद्रोहबाट विकास भएका नै किन नहुन् ? दुवै किसान मजदुरको व्यवस्था स्थापना गर्न संघर्षको उच्चतम बलिवेदीमा पुगेका शक्तिहरू हुन् । आखिर तिनीहरूको संघर्ष भनेको जसरी पनि सरकारमा पुग्ने र पुरानाको ठाउँ ओगट्ने रहेछ । नयाँ जनमुखी, देशमुखी काम गर्नु नपर्ने रहेछ । यस्तो छ नेपाली वामपन्थको कथा ।

**वामएकताको पुन्तुरो :**

अहिले बजारमा मूर्च्छामा परेर केही लन्याङमन्याङ गरिरहेका टाउकाहरू वामएकताको पुन्तुरो फुकाइरहेका छन् र भनिरहेका छन्- अब 'एकता'को विकल्प छैन । साँच्चिकै भन्ने हो भने उनीहरूको अगाडि यो एकताबाहेक अर्को विकल्प पनि छैन । यी 'कथित संसद्वादी वामपन्थी'हरूसँग जनतामा जाने अर्को 'ऐजेन्डा' पनि छैन । किनभने यिनीहरू हिजो कम्युनिस्टको भ्रम दिन सक्थ्ये तर आज सक्दैनन् । यिनीहरू त केवल कम्युनिस्टको नाममा कम्युनिस्ट पार्टी, कम्युनिस्ट आदर्श, विचार, सिद्धान्त, निष्ठा र इमान्दारितासहितको आशावादलाई समाप्त गर्न उभिएका जस्ता देखिन्थे । यसका कारण समाजमा थप निराशा र दिशाहीनताको अवस्था निर्माण गरी सिङ्गो समाज र परिवर्तनलाई नै गुमराहमा पार्ने, भ्रममा राख्ने र बन्धक बनाउने भएको थियो ।

यो एकताको कुरा पनि ६ जनाको बन्ने संवैधानिक परिषद्मा प्रमुख प्रतिपक्षी दलको नेता सदस्य हुने व्यवस्था भएकाले त्यो पद पाउन र नियुक्तिमा भागवण्डा लगाउन नै हो । यसमा पनि बालेन अधिनायकत्व लागू भइसक्यो । अध्यादेशमार्फत गणपूरक संख्या ४ को ठाउँमा उपस्थित संख्या ४ र गणपूरक संख्या ३ हुने संशोधन भएर प्रमाणित भइसकेको अवस्था छ । यो 'तुरुप'ले पनि काम नगर्ने देखियो । तैपनि महाभारत महाकाव्यको कथामा सिङ्गो यदुवंशीको विनाशको दुश्चक्रमा महाभारतका नायक श्रीकृष्णले सय अपराध पुगेपछि मात्र शिशुपालको बध गर्दछन् र महाभारत युद्ध त्यति बेलासम्म हुँदैन जबसम्म त्यहाँ भनिएको धर्मको पक्षमा र अधर्मको पक्षमा सारा जगत् र राज्यहरू ध्रुवीकृत हुँदैनन् । यहाँ पनि त्यही हो, कम्युनिस्टका नामका कलङ्क र हुन नसकेका वामपन्थीहरू एकातिर र सच्चा कम्युनिस्टहरू एकातिर हुन नसक्दासम्म निर्णायक संघर्ष हुन सक्दैन ।

### को बन्ला वामपन्थी ?

प्रगतिशील चरित्र गुमाइसकेका, सत्ता आस्वादनमा पतन भएका वामहरूले भनेजस्तो अवस्थालाई कायम राख्न नसक्ने देखेपछि के लोकतान्त्रिक, के वामपन्थी सबैलाई एउटै कन्टेनरमा पुऱ्याउनुको विकल्प उनीहरूमा थिएन । त्यसको विकल्पमा गरिएको वितण्डतापछिको स्थितिले यो सदनमा को वामपन्थी हुन्छ ? को दक्षिणपन्थी हुन्छ भन्न सक्ने अवस्था पनि धुमिल नै छ ।

साम्यवादी धाराबाट संसद्मा वामपन्थको अवसान भएपछि लोकतान्त्रिक वा स्वतान्त्रिक (स्वतन्त्रखाले) दलबाट वामपन्थको खोजीकार्य चलिरहेको छ । लोकतान्त्रिक शक्तिको वामपन्थी चरित्र गुमिसकेको अवस्थामा स्वतान्त्रिकद्वारा दिने भ्रमबाट कम्युनिस्ट जनमत झुक्किरहन सकोस् भन्ने रहेको छ । केही समय देशमा यस प्रकारको भ्रमले पनि काम गर्ने देखिन्छ ।

### के साँच्चिकै वामपन्थी बन्ने हो त ?

नेपालको परिवर्तनको आन्दोलन वा अभियानमा लागेकाहरूलाई कम्युनिस्ट आन्दोलनमा लाग्ने मुख्य अवसर रहेको छ । राजासहितको कम्युनिस्ट, बहुलवादसहितको कम्युनिस्ट, संसद्वाद सहितको कम्युनिस्ट अब सम्भव छैन । संसद्वाद भनेको दलाल पूँजीवाद नै हो । वास्तवमा हिजोको संघर्ष पनि र आजको संघर्ष पनि कम्युनिस्ट र गैर-कम्युनिस्टबीचको संघर्ष नै मुख्य संघर्ष हो । चेतन सङ्गठित रूपमा र अचेतन असङ्गठित रूपमा संघर्ष चलिरहेकै छ । अब प्रश्न यहाँ के हो भने, कम्युनिस्ट चित्र र चरित्रमा उठ्न कठिन हुन्छ भने पनि कमसे कम वामचित्र र चरित्रमा सजिलै उभिन सकिन्छ । *(साभार: न्यूज अफ नेपाल)*

# नेवारी सँस्कृति संरक्षण गर्न 'नेवा: फुड फेस्टिबल'

**हेटौंडा उपमहानगरपालिकामा पहिलो पटक 'नेवा: फुड फेस्टिबल' आयोजना हुने भएको छ । हेटौंडा उपमहानगरपालिका वडा नं. २ को आयोजनामा आगामी जेठ १५, १६ र १७ गते तीन दिनसम्म सञ्चालन हुने फेस्टिबलमा नेवारी समुदायको मौलिक खानपान, भेषभूषा, परम्परागत गीत, संगीत तथा नृत्य प्रस्तुत गरिने आयोजकले जनाएको छ । यही विषयमा केन्द्रित रहेर हामीले हेटौंडा उपमहानगरपालिका वडा नं. २ का अध्यक्ष विष्णुगोपाल महर्जनसँग कुराकानी गरेका छौँ । प्रस्तुत छ, उहाँसँग गरिएको कुराकानीको सम्पादित अंश:**

## साझा कुराकानी



**विष्णुगोपाल महर्जन**
(वडा अध्यक्ष)
**हेटौंडा उपमहानगरपालिका वडा नं. २**

***☞ नेवा: फुड फेस्टिबल आयोजना गर्नुको मुख्य उद्देश्य के हो ?***

मुख्यगरी नेवा: फुड फेस्टिबल आयोजना गर्नुको उद्देश्य नेवारी कला, सँस्कृति र परम्परागत खानपानको संरक्षण गर्नु नै हो । पछिल्लो समय युवा पुस्तामा नेवारी सँस्कृति र परिकारप्रतिको चासो कम हुँदै गएको महशुस गरेका छौँ । त्यसैले नयाँ पुस्तालाई आफ्नो मौलिक पहिचान, खानपान र भेषभुषासँग परिचित गराउने उद्देश्यले फेस्टिबल आयोजना गर्न लागेका हौँ ।

***☞ हेटौंडामा पहिलो पटक यस्तो फेस्टिबल आयोजना गर्दा कस्ता चुनौती सामना गर्नुपरेको छ ?***

ठूलो चुनौती त खासै छैन । मौसमले केही असर गर्न सक्ने देखिन्छ । हामीले यो कार्यक्रम पुस महिनामै गर्ने योजना बनाएका थियौँ । तर, विविध कारणले सम्भव भएन । अहिले वर्षा र हावाहुरीको मौसम भएकाले केही कठिनाइ हुनसक्छ । अर्को कुरा, फेस्टिबल सञ्चालनका लागि वडा नं. २ बाट ३ लाख रुपैयाँ र उपमहानगरपालिकाबाट १ लाख रुपैयाँ सहयोग प्राप्त भएको छ । कूल अनुमानित लागत नौलाख ४० हजार रुपैयाँ रहेको छ । बाँकी रकम व्यवस्थापन गर्नु पनि हाम्रो लागि चुनौतीपूर्ण पक्ष हो ।

***☞ यस्तो फेस्टिबलले नेवार समुदायको संस्कृति संरक्षणमा कस्तो योगदान पुर्‍याउँछ भन्ने अपेक्षा गर्नुभएको छ ?***

बागमती प्रदेश नेवार र तामाङ समुदायको बाहुल्य रहेको प्रदेश हो । प्रदेश सरकारले नेपाल भाषा र तामाङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने निर्णयसमेत गरिसकेको छ । यही सन्दर्भमा स्थानीय सरकारले पनि मौलिक सँस्कृति संरक्षणमा जोड दिएको हो । फेस्टिबलमा हामीले 'टिपिकल सुकु भोज' प्रस्तुत गर्दैछौँ । यो परिकार हेटौंडामा सहजै पाइँदैन । त्यसैले हेटौंडाबासीका लागि यो नयाँ स्वाद र अनुभव हुनेछ । यसबाट अन्य समुदायका मानिसले पनि नेवार समुदायको सँस्कृति, परम्परा र खानपानबारे जानकारी पाउने अपेक्षा गरेका छौँ ।

***☞ 'सुकु भोज' मा कस्ता परिकार समावेश हुन्छन् ?***

नेवार समुदायमा बच्चाको पास्नी, सूर्यदर्शन, व्रतबन्ध, विवाह, वार्षिकोत्सव, रथारोहण तथा गुठी भोजमा *सुकु भोज* गर्ने परम्परा छ । परिवारका सदस्यको मृत्यु संस्कारपछि पनि *सुकु भोज* गर्ने चलन रहेको छ । पहिले अधिकांश जात्रा र चाडपर्वमा *सुकु भोज* गरिने भएपनि अहिले यो परम्परा केही सीमित बन्दै गएको छ । आधुनिक जीवनशैलीसँगै पार्टी प्यालेसमा भोज गर्ने चलन बढेको छ ।

सुकु भोजमा चिउरा, लप्ते, अचार, हरियो लसुन, द्याकागुला, केराउ, चना, सिमी, सिम्पु, काउली, आलु, छ्याला, तकोला, हरियो साग, अमिलो, भुटन र दहीजस्ता परिकार समावेश हुन्छन् । भोजको अन्त्यमा केराउ, मुला, गाँजर र फलफूल मिसाइएको सलादसमेत राख्ने परम्परा छ ।

***☞ महोत्सवमा कलाकार व्यवस्थापन कसरी गर्नुभएको छ ?***

महोत्सवमा नेवारी समुदायको सँस्कृति झल्कने साँस्कृतिक कार्यक्रमहरू पनि प्रस्तुत गरिनेछ । त्यसका लागि स्थानीय कलाकारहरूको व्यवस्थापन गरेका छौँ । साथै काठमाडौंका कलाकार निशा देसार, रत्न शोभा महर्जन तथा सरेन्द्र मानन्धरको टोलीसँग पनि छलफल भइरहेको छ ।

***☞ फेस्टिबलमा कति दर्शक सहभागी हुने अनुमान गर्नुभएको छ ?***

जेठ १५, १६ र १७ गते सञ्चालन हुने फेस्टिबलमा १५ हजारभन्दा बढी दर्शक तथा अवलोकनकर्ता सहभागी हुने अनुमान गरेका छौँ । हामीले अनुमान गरेअनुसार मकवानपुर जिल्लाको अधिकांश क्षेत्रबाट अवलोकनकर्ताहरु आउँछन् भने छिमेकी जिल्लाहरुबाट पनि यो कार्यक्रमको बारेमा चासो दिइरहेको पाइएकोले उपस्थिति हुन्छ भन्ने आशामा छौँ ।

***☞ आगामी वर्ष पनि यस्तो फेस्टिबल आयोजना गर्ने योजना छ कि ?***

पक्कै पनि छ । यसवर्ष सीमित बजेटमा कार्यक्रम आयोजना गरेका छौँ । यस वर्षको कार्यक्रमको सफलतासंगै आगामी वर्षको योजना गर्छौं । सुरुको वर्ष भएकोले यसवर्ष के कस्तो हुन्छ आयोजना गर्न र समिक्षा गर्न बाँकी नै छ । यसवर्ष जस्तो भएपनि सक्दो राम्रोसंग आयोजना गर्नेछौं । आगामी आर्थिक वर्षदेखि अझ व्यवस्थित र बृहत्रुपमा फेस्टिबल सञ्चालन गर्ने योजना छ । वडा र नगर दुबैबाट ५-५ लाख रुपैयाँ बजेट विनियोजन गरेर कार्यक्रमलाई थप प्रभावकारी बनाउने लक्ष्य लिएका छौँ ।

# मकवानपुरगढीमा मानवअधिकार सचेतना कार्यक्रम




साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/ मकवानपुरगढी गाउँपालिकामा मानव अधिकार सचेतना एकदिवसीय कार्यक्रम सम्पन्न भएको छ । आइतबार गाउँपालिकाको ३ नम्बर वडा कार्यालयमा कार्यक्रम आयोजना गरिएको हो ।

नेपाल मानवअधिकार संगठन मकवानपुरको आयोजना तथा बागमती प्रदेश सामाजिक विकास कार्यालयको सहयोगमा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा संगठनका संस्थापक अध्यक्ष कृष्णप्रसाद दाहालले कार्यक्रमको उद्देश्यबारे जानकारी दिँदै स्वागत मन्तव्य व्यक्त गरेका थिए । संस्थापक अध्यक्ष दाहालको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा वडा नम्बर-३ का सदस्य प्रेमबहादुर थोकर प्रमुखअतिथिकारुपमा सहभागी थिए । कार्यक्रममा कार्यपालिका सदस्य मन्जु योन्जनलगायत विभिन्न टोल विकासका करिब ६० जनाको सहभागीता थियो ।

प्रमुखअतिथि थोकरले मानवअधिकार र कर्तव्यबारे थप जान्ने अवसर कार्यक्रमबाट मिलेको भन्दै आयोजकप्रति धन्यवाद व्यक्त गरे । कार्यक्रममा माइती नेपालकी संयोजक माया लामाले मानव बेचबिखन तथा ओसारपसारविरुद्ध प्रस्तुतीकरण दिएकी थिइन् । उनले मानवबेचबिखनको वर्तमान अवस्था, कानुनी प्रावधान, बेचबिखन हुनुका उद्देश्य र कारणबारे जानकारी गराइन् । अधिवक्ता पम्फा पुरीले मानवअधिकारसम्बन्धी कानुनी प्रक्रियाबारे जानकारी दिँदै मानव अधिकार हनन, पीडित र पीडकको परिभाषा, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सार्वजनिक अपराध तथा कानुनी प्रावधानबारे प्रस्तुतीकरण दिइन् ।

उनले पछिल्लो समय बालविवाह गरेका २३ देखि २८ वर्ष उमेर समूहका दम्पती सम्बन्ध विच्छेदका लागि आउने क्रम बढ्दै गएको जानकारी दिइन् । मकवानपुर रिकभरिङ समूहका सदस्य अशोष थापाले लागुऔषध दुर्व्यसनसम्बन्धी प्रस्तुतीकरण दिएका थिए । उनले लागुऔषध सेवनका लक्षण, त्यसबाट हुने असर, अभिभावकको भूमिका, प्रयोगकर्ताको पहिचान तथा बागमती प्रदेशमा लागुऔषधको अवस्थाबारे जानकारी गराएका थिए । नेपालमा हुने करिब ७० प्रतिशत अपराध तथा घटनामा लागुऔषधको प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध रहेको दाबी उनले गरे ।

त्यसैगरी डा. जया कोइरालाले मानवस्वास्थ्य र दैनिक जीवनमा स्वस्थ रहने विषयमा प्रस्तुतीकरण दिएकी थिइन् । उनले किशोरावस्था र पोषण, मित्रता र माया, महिनावारी, सुर्तीजन्यपदार्थ, यौन तथा यौनसम्बन्ध, गर्भावस्था र गर्भपतन, सर्ने तथा नसर्ने रोगलगायत विषयमा जानकारी दिएकी थिइन् ।

# पत्रकार महासंघ मकवानपुर र गोरखा शाखाबीच छलफल

साझाकुरा संवाददाता



हेटौंडा, १० जेठ/नेपाल पत्रकार महासंघ मकवानपुर र नेपाल पत्रकार महासंघ गोरखाबीच छलफल भएको छ ।

गोरखा नगरपालिकाको सहयोगमा पर्यटन प्रवर्द्धनका लागि पूर्वीजिल्ला भ्रमणमा रहेको गोरखाको टोलीले मकवानपुरमा छलफल गरेको हो । नेपाल पत्रकार महासंघ मकवानपुरको सभाहलमा आयोजित कार्यक्रममा दुवै जिल्लाका पत्रकार महासंघका अध्यक्ष, गोरखा नगर पालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सञ्चारकर्मीको उपस्थिति रहेको थियो । कार्यक्रममा मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी र गोरखाका नरेन्द्र ढकालले आआफ्नो जिल्लामा महासंघमार्फत सञ्चालन भएका असल अभ्यास, कार्यक्रम तथा आगामी योजना सहित अनुभव आदानप्रदान गरे ।

छलफलमा गोरखा नगर पालिका प्रमुख कृष्णबहादुर रानामगर र उपप्रमुख मसलीमाया थोकरले गोरखामा पर्यटन प्रवर्द्धनका लागि पालिकाले गरिरहेका गतिविधि, सञ्चारमाध्यम तथा पत्रकारलाई उपलब्ध गराउँदै आएको सहयोगका विषयमा धारणा राखे । आफूहरुको कार्यकाल सञ्चारमैत्री बनाउनेतर्फ लागिरहेको उनीहरुको भनाई छ । प्रमुख प्रशासकीय अधिकृत विजयभक्त उपाध्यायले गोरखाका पर्यटकीयस्थल समेटेर प्रकाशन गरिएको पुस्तक नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष अधिकारीलाई हस्तान्तरण गरे । कार्यक्रममा दुवै जिल्लाबीच पर्यटन, सञ्चार र अनुभव आदान प्रदानलाई थप प्रभावकारी बनाउने विषयमा छलफल भएको थियो ।

# गजलकार रोदन हेटौंडामा सम्मानित



साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/चर्चित युवा गजलकार प्रदीप रोदनलाई हेटौंडामा 'मातृभूमि सम्मान-२०८२' प्रदान गरिएको छ ।

मातृभूमि साहित्य समाजले आयोजना गरेको 'मातृभूमि साहित्य उत्सव-२०८३' का अवसरमा गोरखाका गजलकार रोदनलाई 'राजकुमार स्मृति मातृभूमि सम्मान-२०८२' प्रदान गरेको हो । साहित्य उत्सवमा मकवानपुरका साहित्यकार राजकुमार लामिछानेलाई 'क्षेत्रबहादुर स्मृति मातृभूमि सम्मान-२०८२', सुर्खेतका छन्दकवि बासुदेव पाण्डेय 'प्रभाकर' लाई 'होमनाथ-बलदेवी छन्द साहित्य सम्मान-२०८२' तथा हेटौंडाकी गजलकार स्वस्तिका बानियाँलाई 'मंगलादेवी स्मृति मातृभूमि सम्मान-२०८२' प्रदान गरिएको हो ।

उत्सवअन्तर्गत प्राज्ञिक विमर्शमा 'साहित्यमा कृत्रिम बौद्धिकता' विषयमा डा.घनश्याम घिमिरेले कार्यपत्र प्रस्तुत गरेका थिए भने त्यसमा डीबी बर्तौलाले टिप्पणी गरेका थिए । त्यसैगरी 'साहित्यमा अध्यात्मदर्शन' विषयमा समालोचक डा. ज्ञानु अधिकारीले कार्यपत्र प्रस्तुत गर्दा साहित्यकार अनिता कोइरालाले टिप्पणी गरेकी थिइन् । 'नारी स्रष्टाको साहित्य सिर्जनामा पुरुष अभिव्यक्ति' विषयमा अन्तरसंवाद समेत आयोजना गरिएको थियो । बहसमा समालोचक चेतना शर्मा, समालोचक अनिता कोइराला र उपन्यासकार कल्पना खरेल सहभागी थिए भने साहित्यकार डा. निमेष निखिलले सहजीकरण गरेका थिए । मातृभूमि साहित्य समाजका अध्यक्ष कृष्णप्रसाद दाहालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा साहित्यकार धनराज गिरीको प्रमुख आतिथ्यता रहेको थियो ।

# विद्यार्थी, शिक्षक र अभिभावक सम्मानित

साझाकुरा संवाददाता



हेटौंडा, १० जेठ/ हेटौंडा-१६ स्थित जनप्रिय माध्यमिक विद्यालयले शिक्षक, विद्यार्थी र अभिभावकलाई सम्मान गरेको छ । एसईई २०८२ मा सफल विद्यार्थी, उनीहरुका अभिभावक र शिक्षकलाई सम्मान गरिएको हो ।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष मोहनप्रसाद बस्ताकोटीको सभाध्यक्षतामा आयोजित कार्यक्रममा १६ नम्बर वडाका अध्यक्ष रामकृष्ण कोइरालाको प्रमुख आतिथ्यता रहेको थियो । ३.२ वा सो भन्दा माथि जिपिए ल्याएका विद्यार्थीलाई नगद पुरस्कारसहित सम्मान तथा ग्रेडेड सम्पूर्णमा प्रमाणपत्रसहित फ्रेम खादा दिएर सम्मान गरिएको प्रधानाध्यापक भूपेन्द्र चौलागाईंले बताए । कार्यक्रमका विशिष्टअतिथि तथा शिक्षा विकास महाशाखा हेटौंडाका अधिकृत रमेश बिडारीले सामुदायिक विद्यालयका रुपमा जनप्रिय माविले अन्य विद्यालयलाई चुनौती दिइरहेको बताए ।

उनले विद्यालय समयमैं विद्यार्थीलाई तयारी गराउँदै 'क्लोजक्याम्प' राख्नुपर्ने अवस्था अन्त्य गर्नेगरी योजना बनाउन आग्रह गरे । प्रमुखअतिथि वडाध्यक्ष कोइरालाले आसपासका विद्यार्थी संख्या न्यून रहेका अन्य विद्यालय समेत मर्ज गरी यस विद्यालयलाई उत्कृष्ट शैक्षिक गन्तव्य बनाउनका लागि लागिपरेको सोअनुसार नतिजा उत्कृष्ट हुँदै गएको बताएका छन् । पूर्वअध्यक्ष रमेशप्रसाद खतिवडा, अभिभावक तथा विद्यार्थीले विद्यालयको बारेमा प्रकाश पारे । कक्षा १० मा ग्रेडेड समृद्दि गौतमको अभिभावकले बालबच्चालाई अध्यापनका अलावा जस्तोसुकै ठूलो समूहमा पनि बोल्ने र लेख्ने कलासमेत विद्यालयले सिकाइदिएको बताउँदै कक्षा ११ मा आफ्नी छोरी भर्ना गर्ने प्रतिबद्धता सहित धन्यवाद ज्ञापन गरे ।

यस्तै अभिभावक केशव सुवेदीले संस्थागत विद्यालयकै सरह सुविधा प्रदान गरी अध्ययन अध्यापन गराइएकोले आफ्ना दुबै सन्तान यसै विद्यालयमा अध्ययन गराएको बताए । प्रधानाध्यापक चौलागाईंले शतप्रतिशत नतिजा हासिल गर्नेतर्फ सिङ्गो टिम योजनासहित लागिरहेको बताउँदै मिडिया कक्ष, गणितलगायत विषयगत प्रयोगशाला निर्माण गरी व्यवहारिकता मार्फत् सिकाइ भइरहेको र नलेज पार्क निर्माण अन्तिमचरणमा पुगेको जानकारी गराए । विषयगतरुपमा उत्कृष्ट नतिजा ल्याउने शिक्षक तथा विद्यार्थीलाई शिक्षकबर्गले नगदसहित सम्मान गरेका थिए । औषत जिपिएका आधारमा सामुदायिक विद्यालयतर्फ जिल्ला प्रथम भएकोमा विद्यालय परिवारको सामूहिक प्रयासको खुलेरै प्रसंशा गरिएको थियो ।

भर्ना खुल्यो! भर्ना खुल्यो !
3 YEARS
HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, RADIOGRAPHY
SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त ३० वर्ष देखि संचालित यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८३/०८४ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयलिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।
भर्ना हुने कार्यक्रमहरू
PCL General Medicine (HA)
PCL Lab Technology
PCL Radiography
PCL Physiotherapy
CTEVT को प्रवेश परिक्षा उत्तीर्ण विद्यार्थीहरु यस इन्स्टिच्यूट मा भर्ना हुन सक्ने छन
फारम वितरण मिति: २०८३/०१/२९ गते मंगलबार देखि
फारम बुझाउने अन्तिम मिति: २०८३।०२।१३ गते बुधबार बेलुका ४:३० सम्म
मकवानपुर टेक्निकल इन्ष्टिच्युट
हेटौंडा-५ भैरव रोड, सम्पर्क: ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

शर्मिला राना ९८४१९९९४८७
कल्पना न्यौपाने ९७६७७६४४४७
उषा अधिकारी ९८४५१२५९०८
स्वर्गाद्वारी महिला पञ्चेबाजा समूह
हेटौंडा-१, मकवानपुर
हाम्रो सेवा: विवाह, ब्रतवन्ध, पार्टी, विभिन्न कार्यक्रम, सप्ताह एवम् अन्य शुभकार्यको लागि स्तरीय पञ्चेबाजाको लागि सम्पर्क राख्नुहोस ।

# कुलेखानीमा माछाका भुरा छाडियो




साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/ जलीय जैविकविविधता संरक्षण तथा माछा उत्पादन वृद्धि गर्ने उद्देश्यले मकवानपुरको कुलेखानीस्थित इन्द्रसरोवर जलाशयमा दुई लाखभन्दा बढी माछाका भुरा छाडिएको छ । मत्स्य विकास केन्द्र, कुलेखानी मकवानपुरले जलाशयमा दुई लाख छ हजार माछाका भुरा छाडेको हो ।

केन्द्रका प्रमुख एवं मत्स्य विकास अधिकृत भीमदत्त भट्टका अनुसार रहु, नैनी, सिल्भर कार्प, बिगहेड कार्प, ग्रास कार्प र कमन कार्प जातका फ्राइ तथा फिङ्गर साइजका भुरा जलाशयमा छाडिएको हो । प्राकृतिकरुपमा तापक्रम अनुकूल नहुँदा जलाशय क्षेत्रमा माछाका भुरा उत्पादन हुन नसक्ने भएकाले प्रत्येक वर्ष जलाशयमा भुरा छाड्ने गरिएको केन्द्रले जनाएको छ । जलाशयमा रहेका माछा वयस्क नहुँदै समातिने प्रवृत्तिका कारण प्राकृतिक रुपमा प्रजनन र उत्पादन प्रक्रिया प्रभावित हुँदै आएको छ ।

चालु आवमा बागमती प्रदेशअन्तर्गतका प्राकृतिक जलाशयमा चार लाख माछाका भुरा छाड्ने योजना रहेको कार्यालयले जनाएको छ । कुलेखानीमा केजमा पालन गरिएका माछा बिक्री गरेपछि पुन: नयाँ फ्राइ साइजका भुरा हालिने बताइएको छ । इन्द्रसरोवर रिजर्भवायर नेपालकै ठुला मानवनिर्मित जलाशय हो । विद्युत् उत्पादनका लागि कुलेखानी खोलामा बाँध निर्माण गरी बनाइएको यो जलाशयमा पालुङ, चित्लाङ, सेती, चखेल इनलेट, चल्खु, ठाडो र धस्कुखोलाबाट पानी संकलन हुने गर्दछ ।

समुन्द्री सतहबाट करिब एक हजार पाँच सय मिटर उचाइमा रहेको जलाशय पूर्ण भरिँदा २१६ हेक्टर क्षेत्रफलमा फैलिने र हिउँदमा ५५ हेक्टरमा सीमित हुने गरेको छ । विद्युत् उत्पादनसँगै स्थानीयलाई वैकल्पिक रोजगारी उपलब्ध गराउने र प्रोटिनयुक्त खाद्यपदार्थको पहुँच बढाउने उद्देश्यले जलाशयमा माछापालन हुँदै आएको छ । प्राकृतिक आहारा खाएर हुर्कने सिल्भर कार्प र बिगहेड कार्प जातका माछाको केजमा पालन गरिँदै आएको छ ।

वि.सं २०४५ देखि निजीस्तरमा कृषकलाई प्रविधि सिकाएर केजमा माछापालन सुरु गरिएको हो । विसं २०६६ मा ६८५ जना सेयरसदस्यसहित इन्द्रसरोवर मत्स्य व्यवसायी संघ स्थापना गरी केज तथा खुला तालमा माछापालन विस्तार गरिएको हो ।

हाल इन्द्रसरोवरमा वार्षिक १५० मेट्रिकटनसम्म माछा उत्पादन हुँदै आएको छ । कार्यालय प्रमुख भट्टले पछिल्लो समय जलाशयमा माछाको संख्या घट्दै गएकाले माछामा आश्रित समुदायको जीविकोपार्जनलाई सहयोग पुऱ्याउन नियमितरुपमा भुरा छाड्ने गरिएको बताए । उनले प्राकृतिक जलाशयमा समयसमयमा माछाका भुरा छाड्दा माछा संरक्षणप्रति स्थानीय स्तरमा चेतना वृद्धिहुने विश्वास व्यक्त गरे ।

पछिल्लो समय इन्द्रसरोवर र थाहाक्षेत्रमा उत्पादन हुने तरकारीमा अत्यधिक विषादि प्रयोग गरिँदा, बर्खामा बगेर आउने पानीसँगै जलाशयमा जम्मा हुने पानी पनि प्रदूषित भइरहेको छ । विषादियुक्त पानीका कारण जलाशयमा आश्रित प्राणीमा नराम्रो असर परेको सरोकारवालाले बताएका छन् ।

# औषधिको उचित प्रयोगसम्बन्धी अभिमुखीकरण

साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/ मकवानपुरमा औषधिको समुचित प्रयोग, कुशल औषधि बिक्रीवितरण अभ्यास तथा औषधि दुरुपयोग नियन्त्रण सम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

नेपाल औषधि व्यवसायी संघ जिल्ला शाखा मकवानपुरको आयोजनामा भएको कार्यक्रममा औषधि व्यवस्था विभागले प्राविधिक सहयोग गरेको थियो । कार्यक्रममा औषधि सुरक्षित तरिकाले सेवाग्राहीसम्म कसरी पुऱ्याउने, 'गुड फार्मेसी प्राक्टिस'को पालनासहित व्यवसायिक मूल्य र मान्यतालाई कायम राखेर व्यवसाय सञ्चालन गर्नुपर्ने विषयमा जोड दिइएको थियो । औषधि जीवन प्रदान गर्ने वस्तु भएकाले यसको दुरुपयोग भए जीवन नै जोखिममा पर्ने भन्दै औषधिलाई 'विष नभई अमृत' बनाउने गरी जिम्मेवार व्यवसाय गर्न आग्रह गरिएको थियो ।

कार्यक्रममा मकवानपुरका प्रहरीनिरीक्षक राजेशकुमार बर्तौलाले मकवानपुरमा लागुऔषध प्रयोगकर्ता बढ्दै गएको बताए । आर्थिक वर्ष २०७९/८० मा १ सय ५३, त्यसपछि आर्थिक वर्ष ८०/८१ मा १ सय ५८ र १ सय ८२ वटा लागुऔषध सम्बन्धी मुद्दा दर्ता भएका थिए भने चालु आर्थिक वर्षको हालसम्म १७० वटा मुद्दा दर्ता भइसकेका छन् । अधिकांश थुनुवा लागुऔषधसम्बन्धी मुद्दाका रहेको उनले बताए । प्रहरी निरीक्षक बर्तौलाले लागुऔषध नियन्त्रण प्रहरीको मात्रै प्रयासले सम्भव नहुने भन्दै बिनावर्दीका नागरिक र वर्दीधारी प्रहरीबीच सहकार्य आवश्यक रहेको बताए ।

प्रमुखअतिथि औषधि व्यवस्था विभागका औषधि व्यवस्थापक सम्भु शाहले औषधि व्यवसाय व्यापारका लागि मात्रै नभई सामाजिक उत्तरदायित्वसँग पनि जोडिएको भन्दै व्यवसायिक मर्यादा कायम राख्न आग्रह गरे । यो ब्यवसायका सञ्चालकले राज्यका ऐन कानून पालना गर्नुपर्ने भन्दै उनले यसका लागि ब्यवसायीलाई सचेतना दिन लागिएको बताए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीले औषधि ब्यवसायी संघले आफ्नो पेशालाई ब्यवस्थित पार्ने पक्रियामा सहकार्य गर्ने बताए । उनले जिम्मेवार र उत्तरदायित्वपूर्वक ब्यवसाय गर्न औषधि व्यवसायीलाई आग्रह गरे । औषधि ब्यवसायी संघ मकवानपुरका अध्यक्ष बिष्णु थापाको अध्यक्षतामा भएको कार्यक्रममा मकवानपुर जिल्लाका औषधि व्यवसायीको सहभागिता रहेको थियो ।

# १२ वडामा समुदायस्तरीय कानुनी सचेतना कार्यक्रम




साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/टोल विकास संस्था नगरसमन्वय समितिको आयोजना तथा हेटौंडा उपमहानगर पालिका न्यायिक समितिको सहयोगमा समुदायस्तरीय कानुनी सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

हेटौंडा उपमहानगरका वडा नं. १, ३, ४, ६, ७, ८, ९, ११, १३, १४, १५ र १९ गरी १२ वटा वडामा सम्पन्न गरिएको आयोजकले जनाएको छ । कार्यक्रमको व्यवस्थापन सम्बन्धित वडासमन्वय समिति तथा स्थानीय टोल विकास संस्थाले गरेका थिए । कार्यक्रममार्फत समुदायमा हुने सामाजिक विवाद, घरेलु झैझगडा, मेलमिलाप, न्यायिक प्रक्रिया, नागरिकअधिकार तथा कर्तव्य, सामाजिक उत्तरदायित्व, साइबर अपराध, महिला तथा बालअधिकार लगायत विषयमा सहभागीलाई जानकारी प्रदान गरिएको थियो ।

टोलटोलमा हुने सामान्य प्रकृतिका विवादलाई समुदायस्तरमै संवाद, सहकार्य र कानुनी प्रक्रिया मार्फत् कसरी समाधान गर्न सकिन्छ ? भन्ने विषयमा प्रशिक्षण तथा अन्तर क्रिया गरिएको थियो । कार्यक्रममा उपमहानगर उपप्रमुख एवं न्यायिक समिति संयोजक राजेश बानियाँले समाजमा बढ्दै गइरहेका सामाजिक तथा पारिवारिक विवाद न्यूनीकरण गर्न यस्ता सचेतनामूलक कार्यक्रम प्रभावकारी हुने बताए । बानियाँले समुदायमा कानुनी चेतना अभिवृद्धि गर्नु आजको आवश्यकता भएको उल्लेख गर्दै स्थानीयस्तरमा मेलमिलाप र सहकार्यको संस्कृतिलाई बलियो बनाउनुपर्ने धारणा व्यक्त गरे ।

उनले धेरै विवाद समयमै संवाद र समझदारीमार्फत् समाधान गर्न सकिने बताउँदै टोल विकास संस्थालाई सामाजिक सद्भाव, एकता र समुदायस्तरको नेतृत्व विकास गर्ने महत्वपूर्ण आधारका रुपमा अघि बढाउनुपर्ने बताए । टोल विकास संस्था नगरसमन्वय समितिका अध्यक्ष ध्रुवप्रसाद अधिकारीले समुदायमा कानुनी ज्ञान र सचेतनाको अभावका कारण सामान्य विवादले समेत जटिल रुप लिने गरेको उल्लेख गरे । अधिकारीले यस्ता कार्यक्रमले समाजलाई सकारात्मक दिशा प्रदान गर्नुका साथै जिम्मेवार नागरिक निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरे ।

अध्यक्ष अधिकारीले टोल विकास संस्थालाई समुदाय परिवर्तनको आधारशक्तिका रुपमा विकास गर्दै सामाजिक उत्तरदायित्व, सहकार्य, मेलमिलाप र सकारात्मक सामाजिक संस्कार निर्माणमा सक्रिय बनाइनुपर्ने धारणा व्यक्त गरे । कार्यक्रममा विभिन्न टोल विकास संस्था, वडा समन्वय समिति, महिला समूह, नागरीक समाजका अगुवा, युवा, अभिभावक तथा स्थानीय नागरिकको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रममा न्यायिक समितिका सदस्य ज्ञानबहादुर थापा, अधिवक्ता सुजन तिमल्सिना, अमृत बर्तौला, सन्तोष पौडेललगायतले सहजीकरण गरेका थिए ।

# अपाङ्गता भएका व्यक्तिका लागि उपचारात्मक स्वास्थ्य शिविर

साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोग तथा मकवानपुर अपाङ्ग उत्थान समाजको आयोजनामा अपाङ्गता भएका व्यक्तिलाई लक्षित गरी सञ्चालन गरिएको दुईदिने उपचारात्मक स्वास्थ्य शिविर सफलता पूर्वक सम्पन्न भएको छ ।




जेठ ९ र १० गते हेटौंडा-२ स्थित आयुर्वेद तथा वैकल्पिक चिकित्सालयमा सञ्चालन गरिएको शिविरबाट ११४ जना अपाङ्गता भएका व्यक्ति प्रत्यक्ष लाभान्वित भएका छन् । शिविरमा सहभागीले विशेषज्ञ चिकित्सकमार्फत् स्वास्थ्य परीक्षण, उपचार, परामर्श तथा आवश्यक स्वास्थ्यसेवा प्राप्त गरेका थिए । शिविरअवधिभर ३९ जना अपाङ्गता भएका व्यक्तिको सहायक सामग्रीका लागि नाप लिनेकार्य सम्पन्न गरिएको आयोजक संस्थाले जनाएको छ । सहायक सामग्री आवश्यक पर्ने तथा आर्थिक अवस्था कमजोर भएका व्यक्तिले हेटौंडा उपमहानगरसँग आवश्यक सामग्री उपलब्ध गराइदिन आग्रह गरेका छन् ।

शिविरमा विशेषज्ञ चिकित्सक डा. कृष्ण कंडेल, डा. विपिन काफ्ले तथा रतीकुमारी गुरुङको सहभागिता रहेको थियो । उनीहरुले अपाङ्गता भएका व्यक्तिको आवश्यकता, अवस्था र संवेदनशीलतालाई मध्यनजर गर्दै उपचार तथा परामर्श सेवा प्रदान गर्न पाउँदा खुशी लागेको बताए । पहुँचमैत्री तथा उपचारात्मक स्वास्थ्य शिविरलाई आगामी दिनमा अझ व्यापकरुपमा सञ्चालन गर्न आवश्यक रहेकोमा जोड दिए । मकवानपुर अपाङ्ग उत्थान समाजका सचिव कान्तिराज मैनालीले अपाङ्गता भएका व्यक्तिलाई सहज, पहुँचयोग्य र विशेषज्ञ स्वास्थ्यसेवा उपलब्ध गराउने उद्देश्यले शिविर आयोजना गरिएको बताए ।

उनकाअनुसार शिविर अत्यन्त प्रभावकारी र उपलब्धिमूलक भएको तथा आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने प्रयास गरिनेछ । शिविरले अपाङ्गता भएका व्यक्तिको स्वास्थ्यसेवामा पहुँच अभिवृद्धि गर्नुका साथै उनीहरुको सहायक सामग्री सम्बन्धी आवश्यकता पहिचान गर्न महत्वपूर्ण योगदान पुऱ्याएको आयोजकले जनाएको छ ।

स्वास्थ्यसेवा पहुँचबाट टाढा रहेका समुदायलाई लक्षित गरी सञ्चालन गरिएका कार्यक्रमले सामाजिक समावेशिता र मानवीय सेवाको भावना थप सुदृढ बनाएको स्थानीयवासीले बताएका छन् ।

# १७ जनाले गरे रक्तदान

साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/हेटौंडा उपमहानगरपालिका-११ नम्बर वडास्थित थानाभञ्याङमा रक्तदान कार्यक्रम गरिएको छ । ५४ औँ विश्व वातावरण दिवसको अवसरमा कार्यक्रम गरिएको हो ।

टोल विकास संस्था वडासमन्वय समिति हेटौंडा-११ को आयोजना तथा वडा नम्बर ११ कार्यालयको आर्थिक सहयोगमा गरिएको रक्तदान कार्यक्रममा बागमती प्रदेश प्रहरी गणका प्रहरी सहित १७ जनाले रक्तदान गरेका थिए । वडा समन्वय समिति हेटौंडा-११ का अध्यक्ष यज्ञबहादुर आचार्यको सभाध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष जुना दाहालको प्रमुख आतिथ्यता रहेको थियो ।


कार्यक्रममा वडासदस्यद्वय विकास नेपाल, गोपिनी सापकोटा, सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष तथा टोल विकास संस्था नगरसमन्वय समितिका उपमहासचिव देवकुमार श्रेष्ठलगायतको आतिथ्यता रहेको थियो ।





# आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि




**सम्पर्क:**
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)

## "सफा ट्यांकी, स्वस्थ जिन्दगी"

### तपाईको पानी ट्यांकी कत्तिको सुरक्षित छ ?

कहिले याद गर्नु भएको छ ? बाहिरबाट स्वस्थ र सफा देखिए पनि ट्यांकी भित्र धुलो, हिलो, लेउ र किटाणुको भण्डार भई दुषित त छैन ?

**याद गर्नुहोस् है**

हामीले दुषित पानीबाट ब्रस वा मुख धुने, नुहाउने, खाना पकाउने, पिउने जस्ता कार्यहरु गरिरहेका छौं भने, प्राय रोगहरु दुक्षित पानीका कारण स्वास्थ्यमा धेरै समस्य देखा पर्न सक्दछ ।

- डायरिया
- कालो झाडा
- टाइफाइट
- हेपाटाइटिस ए
- स्किन यन्फेक्सन,

साथै अन्य जलजन्य रोगहरु लाग्न सक्दछ ।



अब तपाईको घरदैलोमा सस्तो र भरपर्दा सफाई सेवा लिएर आएका छौं, अत्याधुनिक प्रविधि उपकरणबाट सफाई गर्छौं । अब ढिला नगरौं आजै आफ्नो ट्यांकी सफा गरी आफ्नो र परिवारको स्वास्थ्य जोगाउनुहोस् ।

**छत/भूमिगत पानी ट्यांकी सफाई सेवा**

थप जानकारीको लागि

**इनर्जेटिक सर्भिसिज प्रा.लि.**

९८२७२८३०३०, ९७६१७१९६९९, ९८५५०६७१११


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना